# २६ औं वार्षिक साधारण सभाको विवरण (माइन्यूट)



HBL


हिमालयन बैंक लिमिटेड
Himalayan Bank Limited
(A Joint Venture with Habib Bank Limited - Pakistan)

# Board of Directors



**Manoj Bahadur Shrestha**
Chairman
Nominated from N. Trading Company Pvt. Ltd.

**Ranjana Shrestha**
Alternate Director




**Faisal N Lalani**
Director
Nominated from Habib Bank Ltd.




**Prachanda Bahadur Shrestha**
Director
Nominated from Chhaya International Pvt. Ltd.

**Menuka Shrestha**
Alternate Director




**Tulasi Prasad Gautam**
Director
Nominated from Karmachari Sanchaya Kosh

**Bijay Kumar Shrestha**
Alternate Director




**Sushil Bickram Thapa**
Director
Nominated from Ava International Pvt. Ltd.

**Sunil Bahadur Thapa**
Alternate Director



**Surendra Silwal**
Director
Elected from General Public Shareholders



**Himalaya SJB Rana**
Chief Advisor (Board of Directors)

HBL Himalayan Bank Ltd.

शेयरधनी महानुभाव,

**विषय: विवरण (माइन्यूट)**

महाशय,

यस बैंकको मिति २०७५ साल पौष ३० गते सोमबार सम्पन्न भएको छब्बीसौं वार्षिक साधारण सभामा भएको छलफल र निर्णयहरूको विवरण (माइन्यूट) तपाईंको जानकारीको लागि पठाएको छु ।

आज्ञाले,

विपिन हाडा
कम्पनी सचिव

# हिमालयन बैंक लिमिटेड
# छब्बीसौं (२६) वार्षिक साधारण सभाको
## विवरण (माइन्यूट)

**१. वैधानिक सभा:**

हिमालयन बैंक लिमिटेडको २०७५ पौष ४ गते बसेको संचालक समितिको ३६५औं बैठकको निर्णय अनुसार कम्पनी ऐन २०६३, प्रचलित कानून र बैंकको प्रबन्धपत्र र नियमावली बमोजिम बोलाइएको छब्बीसौं वार्षिक साधारण-सभा संचालक समितिका अध्यक्ष श्री मनोजबहादुर श्रेष्ठको अध्यक्षतामा सुसम्पन्न भयो ।

**२. सभाको मिति, समय र स्थान:**

मिति : २०७५ साल पौष ३० गते सोमबार (१४ जनवरी २०१९)
समय : बिहान ११:०० बजे
स्थान : कार्की ब्यांक्वेट, माईतीघर, काठमाडौं ।

**३. सभाको सूचना प्रकाशन (कम्पनी ऐन २०६३ को दफा ६७ (२) बमोजिम:**

(क) साधारणसभा हुने मिति, समय, स्थान र छलफल हुने विषयहरू सहितको विवरण खुलाइ कानूनबमोजिम त्यसको सूचना कारोबार दैनिकमा मिति २०७५/०९/०९ र अन्नपूर्ण पोष्टमा मिति २०७५/०९/१० गते प्रकाशित गरी शेयरधनी महानुभावहरूलाई जानकारी गराइएको थियो ।

(ख) साथै, संचालक समितिको प्रतिवेदन, वासलात, नाफा-नोक्सान हिसाब र नगदप्रवाह विवरण तथा अन्य दस्तावेजहरू पुस्तिकाको रूपमा प्रत्येक शेयरधनी महानुभावहरूको उपलब्ध व्यक्तिगत ठेगानामा यथासमयमा पठाइएको थियो ।

**४. छलफलको विषय-सूची:**

क) <u>सामान्य प्रस्ताव</u>

१) छब्बीसौं वार्षिक साधारण सभाको लागि संचालक समितिको प्रतिवेदन,

२) लेखापरीक्षकको प्रतिवेदन सहित २०७५ साल असार मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०७४/७५ को नाफा-नोक्सान हिसाब तथा नगदप्रवाह विवरण छलफल गरी पारित गर्ने,

३) संचालक समितिले सिफारिश गरेबमोजिम नाफाको बाँडफाँट तथा चुक्ता पूँजीको १०.७८९५ (दश दसमलव सात आठ नौ पाँच) प्रतिशत नगद लाभाँश दिने प्रस्ताब स्वीकृत गर्ने,

४) सर्बसाधारण शेयरधनीहरूको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने संचालक पद १ (एक) को निर्वाचन,

५) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७५/७६ का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने, (वर्तमान लेखापरीक्षक बि. आर. एस. न्यौपाने एण्ड कम्पनी चार्टर्ड एकाउन्टेन्ट्स पुनः नियुक्त हुन सक्नु हुनेछ ।)

ख) <u>विशेष प्रस्ताव</u>

१) संचालक समितिले सिफारिश गरेबमोजिम बैंकको जारी र चुक्ता पूँजी बृद्धि गर्न चुक्ता पूँजीको ५ (पाँच) प्रतिशत बोनस शेयर जारी गर्ने सम्बन्धी बिशेष प्रस्ताव स्वीकृत गर्ने ।

२) बैंकले आर्थिक बर्ष २०७४/७५ मा संस्थागत सामाजिक उत्तरदायित्व बहन गर्ने क्रममा आर्थिक सहायता प्रदान गर्दा कम्पनी ऐन २०६३ को दफा १०५ को उपदफा १ को खण्ड (ग) ले निर्धारण गरेको सिमा नाघेको हुँदा सो अन्तर्गत बैंकले विभिन्न संघ संस्थाहरूलाई प्रदान गरेको रकमहरू क्रमशः काठमाडौं भ्याली प्रिजर्भेसन ट्रष्टलाई रू १,००,००,०००/-, प्रधानमन्त्री सहायता कोषमा रू. ११,११,१११/-, एचबिएल दायित्व फेलोसिपलाई रू. १०,०८,०००/-, स्पाइनल इन्जुरी संघलाई रू. ७,५०,०००/-, सहयोगी हात संस्थालाई रू. ५,००,०००/-, श्री माईती नेपाललाई रू. १२,००,०००/-, श्री सिद्धि मेमोरियल फाउन्डेसनलाई रू. १,९९,७८४/-, श्री सामुदायिक स्वास्थ्य परिषदलाई रू. १,६६,७८८/-, त्रिदेवि मन्दिरलाई रू. १,३५,९५०/-, श्री बाराक गण सल्लेरीलाई रू. १,२९,०२४/-, महानगरिय प्रहरी बृत जनसेवालाई रू. १,३५,४५०/-, नेपालगंज उप-महानगरपालिकालाई रू. १,५०,०००/-, एसिया फर एनिमललाई रू. १,००,०००/-, दृष्टि विहिन श्री इच्छा के सीलाई रू. ५०,०००/-, सुनाकोठी समाजलाई रू. ५०,०००/-, नेपालमा भएका अनाथ असहाय बाल सुधार संघलाई रू. ७५,०००/-, गोदावरी आल्मुनाई एसोशियसनलाई रू. १,००,०००/- मात्र अनुमोदन गर्ने ।

३) बैंकको प्रवन्ध पत्र र नियमावलीमा संशोधन गर्ने विशेष प्रस्ताव पारित गर्ने तथा प्रस्तावित संशोधनमा नेपाल राष्ट्र बैंक वा अन्य निकायले फेरबदल गरेमा आवश्यक समायोजन गर्न संचालक समितिलाई वा संचालक समितिले तोकेको पदाधिकारीलाई अधिकार दिने,

ग) विविध,

## ५. उपस्थितिः

<u>संचालकहरू:</u>

| | | |
|---|---|---|
| १. | श्री मनोजबहादुर श्रेष्ठ | अध्यक्ष |
| २. | श्री फैजल एन ललानी | संचालक |
| ३. | श्री प्रचण्डबहादुर श्रेष्ठ | संचालक |
| ४. | श्री सुशीलविक्रम थापा | संचालक |
| ५. | श्री दामोदर सुवेदी | वैकल्पिक संचालक |

<u>पर्यवेक्षक:</u>

१. मदन नारायण मल्लिक — प्रतिनिधि - कम्पनी रजिष्ट्रारको कार्यालय

<u>लेखापरिक्षक:</u>

१. श्री अनुप कुमार श्रेष्ठ — प्रतिनिधि - बि. आर. एस. न्यौपाने एण्ड कम्पनी चार्टर्ड एकाउन्टेन्ट्स

*अन्य पदाधिकारीहरू:*

| | | |
|---|---|---|
| १. | श्री अशोक राणा | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री इजाज कादीर गिल | वरिष्ठ महाप्रबन्धक |
| ३. | श्री शुशील जोशी | महाप्रबन्धक |
| ४. | श्री उज्जल राज राजभण्डारी | नायब महाप्रबन्धक |
| ५. | श्री अनुप मास्के | नायब महाप्रबन्धक |
| ६. | श्री रविन्द्र नारायण प्रधान | सहायक महाप्रबन्धक |
| ७. | श्री महेश्वर प्रसाद जोशी | सहायक महाप्रबन्धक |

शेयरधनीहरूको उपस्थिति:

| | |
|---|---|
| क) सर्वसाधारण शेयरधनी | १४१२ जना |
| ख) संस्थापक प्रतिनिधि | ६ जना |
| ग) जम्मा उपस्थित शेयरधनीहरूको संख्या | १४१८ जना |

सभामा उपस्थित सबै शेयरधनी महानुभावहरू मतदान गर्न योग्य थिए ।

**६) सभाको वैधानिकता र सभापतित्व:**

साधारण सभा शुरू हुनुअघि कम्पनी सचिव श्री विपिन हाडाले उपस्थित शेयरधनी महानुभावहरूको स्वागत गर्नुहुँदै कम्पनी ऐन र बैंकको नियमावली तथा प्रचलित कानून बमोजिम छब्बीसौं वार्षिक साधारण सभा बोलाइएको र सो अनुरूप सभाका लागि आवश्यक गणपूरक संख्या पुगेको व्यहोरा सभालाई अवगत गराउनुभयो । साथै उहाँले सभाको अध्यक्षता संचालक समितिका अध्यक्ष श्री मनोजबहादुर श्रेष्ठले गर्नुहुने जानकारी दिँदै सभा संचालनका लागि अध्यक्ष महोदयलाई अनुरोध गर्नुभयो ।

**७) सभा संचालन:**

साधारण सभाको कारवाही शुरू गर्ने क्रममा सभाका सभापति श्री मनोजबहादुर श्रेष्ठले छब्बीसौं वार्षिक साधारण सभाका लागि संचालक समितिको प्रतिवेदन संक्षेपमा पढेर सुनाउनु भयो ।

प्रतिवेदन प्रस्तुति पश्चात् सभापतिज्यूले विषयसूची सम्बन्धमा छलफलका लागि शेयरधनीहरूलाई आमन्त्रण गर्नुभयो । तद्नुरूप निम्न शेयरधनीहरूले सभामा आफ्नो जिज्ञासा, मन्तव्य तथा सुझावहरू प्रस्तुत गर्नुभयो ।

| | | |
|---|---|---|
| १) श्री ब्यास कुमार शर्मा | ५) श्री डमरू बल्लभ घिमिरे | ९) श्री रोज कुमार श्रेष्ठ |
| २) श्री अशोक उप्रेति | ६) श्री शिव प्रसाद पौडेल | १०) श्री महेन्द्र बहादुर श्रेष्ठ |
| ३) श्री नरसिंहलाल चखुं | ७) श्री दामोदर प्रसाद रेग्मी | ११) श्री ब्रह्मदेव शाक्य |
| ४) श्री दिवाकर खड्का | ८) मेजर श्री कुवेर श्रेष्ठ | १२) श्री कृष्ण प्रसाद अधिकारी |

## ८) शेयरधनीहरूबाट व्यक्त शुभकामना, आभार, जिज्ञासा, मन्तव्य तथा सुझावहरू :

### ८.१ शुभकामना र आभारः

छब्बीसौं वार्षिक साधारण सभामा आफ्नो मन्तव्य प्रकटगर्ने सबै शेयरधनी महानुभावहरूले ५% बोनस शेयर र १०.७८९५% नगद लाभांश प्रदान गरिएकोमा प्रशन्नता व्यक्त गर्नुभयो । उहाँहरूले ८ अर्ब चुक्ता पुँजी भए पछि पनि हिमालयन बैंकले सन्तुलित डिभिडेन्ड पोलिसीलाई कायम राखेकोमा खुशी व्यक्त गर्दै सोलाई कायम राख्दै आउँदा दिनमा पनि बैंकले बोनस शेयर तथा नगद लाभांश बढाउँदै लैजाओस भन्ने चाहना व्यक्त गर्नु भयो । विगत छब्बीस वर्षदेखि सेवारत यो बैंक नेपालको वित्तीय क्षेत्रमा सुरक्षित, भरपर्दो, विश्वसनीय र अग्रणी भएको बारेमा सबैको समान धारणा थियो । बिना मर्जर, एक्विजिसन बैंक आफैले आवश्यक पुँजी पुऱ्याउन सकेकोमा खुशी लागेको शेयरधनी महानुभावहरूले बताउनु भयो । मन्तव्य प्रकटगर्ने महानुभावहरूले देशमा देखापरेको राजनीतिक अस्थिरता, अन्योल तथा व्यवसायमा बढेको प्रतिस्पर्धामा तथा आर्थिक विचलनबाट बैंक सचेत भएर अगाडि बढ्नुपर्ने सुझाव दिनुभयो ।

### ८.२ जिज्ञासा, मन्तव्य तथा सुझावहरू :

#### ८.२.१) श्री ब्यास कुमार शर्मा

यस पटक देखि NFRS Reporting System अन्तर्गत वित्तिय विवरण प्रकाशन गर्दा पद्दतिमा धेरै परिवर्तन भएकोले गहन रूपमा बुझ्नु पर्ने बताउनु भयो । बैंकले चुक्ता पुँजी बढाएकोमा धन्यवाद दिदै बैंक संचालक र व्यवस्थापनलाई चुक्ता पुँजीको ५० प्रतिशत भन्दा बढी Reserve मा राख्न सकेकोमा बधाई दिनुभयो र यसलाई अझै बढाउनुपर्ने चुनौती भएको बताउनु भयो । निक्षेप रकम ७ अर्ब र कर्जा ९ अर्ब भन्दा बढीले बढाउन सकेकाले निक्षेप संकलन र कर्जा प्रवाह सन्तुलित भएको तर नाफाको कुरा गर्दा कर्जा नोक्सानी व्यवस्था, गैर संचालन खर्च र कर्मचारी खर्चले गर्दा कम भएको बताउनु भयो । कुल सम्पत्तीको आकार बढाउन सकेकोमा धन्यवाद दिदै अघिल्लो वर्षको तुलनामा शेयरधनीलाई दिने लाभांश कम भएको गुनासो गर्नु भयो । तर नगद र बोनस शेयर दुबै दिन सकेकोमा बैंकलाई धन्यवाद दिनुभयो । समग्रमा बैंक सक्षम, बलियो, राम्रो इतिहास अनि प्रतिष्ठित बैंक भएको तर अबका दिनहरू निकै चुनौति पूर्ण रहेको बताउनुभयो । उहाँले IMF ले नेपालका बैंकहरूको खराब कर्जा (NPL) प्रति आशंका जनाएको समाचारहरू पत्र पत्रिकामा आएकाले यस बैंकको खराब कर्जाको अवस्थाका बारेमा शेयरधनीहरू समक्ष प्रष्ट गरिदिन आग्रह गर्नुभयो । उहाँले यस्ता शंकाहरू निवारण गर्न बैंकको सम्पत्तीको गुण र विशेषता राम्रो हुनुपर्नेमा जोड दिनुभयो । यसका साथै उहाँले संस्थागत सुशासन, आन्तरिक नियन्त्रण (Internal Control) तर्फ सचेत हुन संचालक समितिसंग आग्रह गर्नुभयो । स्प्रेड दर र राष्ट्र बैंकको निर्देशनले भोलिका दिनहरूमा बैंकको मुनाफामा पर्ने असर बारेमा प्रष्ट पारिदिनुहुन आग्रह गर्नुभयो । मुनाफामा असर पर्ने भएमा दिर्घकालिन योजना र रणनीति अपनाउन पनि आग्रह गर्नुभयो ।

८.२.२) श्री अशोक उप्रेती

बैंकको प्रगति उत्साहजनक रहेको र विगत २६ वर्षमा बैंकले गरेको प्रगति तथा लगानीकर्तालाई प्रदान गरेको मुनाफा गौरव गर्न लायकको बताउनुभयो ।

बैंकिङ्ग व्यवसायमा परि आउने मेलम्ची जस्ता दुर्घटनाबाट पाठ सिकेर, त्यस्ता घटना भविष्यमा दोहरिन नदिन संस्थागत सुशासन र आन्तरिक नियन्त्रणमा सचेत रहन आग्रह गर्नु भयो । यो २६ वर्षको कार्यकालमा बैंकको प्रगतिमा योगदान दिने कर्मचारीहरू धन्यवादका पात्र भएका बताउनु भयो । सुशासनमा गम्भिर बन्न बैंक संचालक र व्यवस्थापनसंग विशेष आग्रह गर्नुभयो । Faith, Trust and honesty हिमालयन बैंकको मुल सम्पत्ती भएकोले यसलाई सबै मिलेर बचाएर राख्नु पर्ने बताउनु भयो ।

८.२.३) श्री नरसिंहलाल चखुं

समिक्षा वर्षमा बैंकको प्रगति राम्रो देखिएको तथा बैंकको Net Interest Income, Earning Per Share जस्ता सुचाङ्कहरू सकारात्मक रहेको बताउनुभयो । बैंकको सन्तुलित *लाभांश (बोनस शेयर र नगद लाभांश)* दिने *निर्णयको स्वागत* गर्नुभयो । बैंकले व्यवस्थित रूपमा व्यावसाय संचालनकार्यका हिसाबले भोलिका दिनहरू अझै प्रतिस्पर्धी रहने बताउनु भयो । बैंकले आउँदा दिनमा पनि यही गतिमा प्रगती कायम राख्न EPS, NBA, NPA, FX income को व्यवस्थापनमा चनाखो रहनु पर्ने बताउनुभयो । बैंकको Risk Management लाई बलियो बनाउनु पर्ने र विविध क्षेत्रमा थप सुधार गर्दै व्यवसाय बृद्धि गर्ने रणनीति अपनाउनु पर्ने जसमा बैंक व्यवस्थापन सक्षम रहेको बताउनुभयो । NPL घटाउनु, ROA बढाउनु, Cost of Fund घटाउन, र प्रति कर्मचारी आम्दानी बढाउने तर्फ ध्यान दिनु पर्ने धारणा राख्नु भयो । नयाँ व्यापार नीति, योजना र रणनीति ल्याई नाफाका नयाँ श्रोत खोज्दा Industry Risk को बारेमा सचेत हुनु पर्ने सुझाव दिनु भयो ।

बैंकले लेखा प्रतिवेदनलाई NFRS पद्धतिमा तयार गरिएकोमा धन्यवाद दिनु भयो । साथै शाखा विस्तार तथा प्रत्येक नाफा केन्द्रको नाफा नोक्सानप्रति सचेत हुनु पर्ने बताउनु भयो । बैंकले गरेको समाज कल्याणका कार्यले बैंकको छवि उज्वल रहेको तथा सो कार्यलाई अझ बढाउँदा राम्रो हुने सुझाव दिनुभयो । बैंकलाई प्रगति पथमा डोर्‍याउन मानव संसाधनलाई उचित प्रोत्साहन दिन सल्लाह दिनुभयो ।

बैंकले नौला खालका Business Culture विकाश गर्न र Earning Asset Management मा सुधार गर्दै शाखाको सुशासन र समग्र वित्तिय अनुशासन तर्फ ध्यान दिन विशेष आग्रह गर्नुभयो । मेलम्चीको Counter Guarantee को Recovery प्रगति बारे प्रष्ट पारिदिनु हुन अनुरोध गर्नु भयो ।

८.२.४) श्री दिवाकर खड्का

बैंकले आफ्नो सहायक मर्चेन्ट कम्पनी संचालनको Letter of Intent लिई स्थापना गर्न लागेकोमा खुशी लागेको बताउनु भयो । बैंकले सामाजिक उत्तरदायित्व अन्तर्गत उल्लेख्य खर्च गरेको र खर्चको विवरण पारदर्शी रूपमा राखिएको बताउनुभयो । अरू बैंकहरूको तुलनामा यो बैंकको खर्च निकै पारदर्शी भएको बताउनु भयो ।

यसपालिको नाफाबाट शेयरधनीलाई ५ प्रतिशत बोनस शेयर दिइएकोमा धन्यवाद दिदै बक्यौता लाभांशलाई IPS को माध्यमबाट DEMAT मा लिङ्क भएको खातामा यथासिघ्र पठाउने व्यवस्था गर्न आग्रह गर्नुभयो ।

शाखा विस्तारमा भने हिमालयन बैंक कमजोर भएको बताउनु भयो । स्थानीय तहमा जानको लागि नेपाल राष्ट्र बैंकबाट तोकिएको स्थानमा शाखा विस्तारको प्रगति विवरण बारेमा जानकारी दिन अनुरोध गर्नु भयो । साथै राष्ट्र बैंकबाट दिइएको पत्रलाई वार्षिक प्रतिवेदनमा हुवहु छाप्नुपर्नेमा निर्देशनहरू मात्र राखिएकोले आगामी वर्षहरूमा त्यसमा सुधार गर्न सुझाव दिनुभयो ।

अन्त्यमा बैंकको २६ औ वार्षिक साधारण सभाको सफलताको कामना गर्दै बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्नु भयो ।

८.२.५) श्री डमरू वल्लभ घिमिरे

सन्तुलित लाभांश नीति (बोनस शेयर र नगद लाभांश) दिनु निकै राम्रो भएको र लगानीको प्रतिफल नै शेयरधनीहरूको मुख्य चिन्ताको विषय रहेको बताउनु भयो । बोनस शेयर दिदा पब्लिक शेयरधनीलाई राम्रो भएको र अघिल्लो वर्षको बोनस शेयर ७–८ महिना ढिला मात्र वितरण भएको तर यसपालि त्यस्तो हुन नदिनको लागि अनुरोध गर्नु भयो । हालको लेखा परिक्षक राम्रो छान्नु भएको तर बैंकको साधारण सभा ढिलो भएको गुनासो गरि साधारण सभालाई दशैंको आसपास गर्दा राम्रो हुने बताउनुभयो । बैंकले मर्चेण्ट बैकिङ्ग संचालनको अनुमति पाएकोमा खुशी व्यक्त गर्दै अबिलम्ब संचालन प्रक्रिया थालनी गर्न सुझाव दिनुभयो । शेयर ब्रोकरको अनुमति लिन पनि विलम्ब नगर्न सुझाव दिनु भयो । बैंकको उत्तरोत्तर प्रगति, सफलता र उन्नतिको कामना गर्नुभयो ।

८.२.६) श्री शिव प्रसाद पौडेल

सन्तुलित लाभांश नीति (वोनस शेयर र नगद लाभांश) दिनु निकै राम्रो भएकोले धन्यवाद दिनुभयो । वोनस शेयरलाई छिटो सुचिकृत गरि नगद लाभांशलाई छिटो दिने व्यवस्था गर्न अनुरोध गर्नुभयो । अघिल्लो वर्षको वोनस शेयर ढिला आएको बारे गुनासो गर्नु भयो । आगामी दिनमा साधारण सभाको लागि पौष मसान्त नकुरी अगाडी नै गर्न सुझाव दिनुभयो । विभिन्न बैंकहरूमा बेला बेलामा सिस्टम ह्याकिङ्गको कुरा सुनिएकोले त्यस तर्फ हिमालयन बैंकलाई कुनै पनि दुर्घटनाबाट जोगाउन उत्तम सुरक्षाका रणनीति अपनाउन सुझाव दिनुभयो । Front Desk मा बस्ने कर्मचारीलाई आवश्यक तालिमको व्यवस्था गरि ग्राहक मैत्रि सभ्य र भद्र बन्न सिकाउन सुझाव दिनुभयो । लेखा परिक्षकको पारिश्रमिक

बढाएर वासलात चाँडै नै बनाउन सल्लाह दिनुभयो । आगामी वर्ष लाभांशलाई ६०:४० (वोनसःनगद) को अनुपातमा दिन सुझाव दिनु भयो ।

८.२.७) श्री दामोदर प्रसाद रेग्मी

बैंकले समग्रमा राम्रो गरेकोमा धन्यवाद दिनुभयो । तर राम्रो गरेको छ भनेर मात्र रमाउने भन्दापनि अझ बढि राम्रो कसरी गर्न सकिन्छ भनेर चिन्ता गर्ने वेला भएको बताउनुभयो । उहाँले बैंकले गरेको राम्रो कामको प्रशंसा भन्दा पनि बैंकले गर्नुपर्ने अरू विषयहरू तिर चर्चा गर्ने बताउनुभयो ।

बैंकले गरेको यो प्रगतिको गति ढिलो र समकक्षी बैंकहरूको तुलनामा काफी नभएको बताउनुभयो । संचालकहरूले शाखा विस्तार तिर ध्यान दिनु पर्नेमा जोड दिनुभयो । संचालकले जानेको विषयले मात्र प्रगतिको गति नपुग्ने हुनाले संचालकहरूले दिने आवश्यक सल्लाह सुझावको कमि भएको बताउनुभयो । सबै बैंकको पुँजी ८ अर्ब पुगेको छ जसले गर्दा अब प्रतिफल बढाउने तर्फ ध्यान दिनु पर्ने बताउनु भयो । यो बैंकले निरन्तर २६ बर्षको यात्रा कायम गर्न सफल भएको बताउनुभयो । अब आय तथा नाफाका अन्य क्षेत्र छनौट गर्नु पर्ने र किस्ताबन्दीमा समानहरू किन्न पनि लगानी गर्नु सुझाव दिनभयो । शाखा विस्तारमा पनि बैंकले प्रगति गरेको अनुभूति गर्न नसकिएकोले शाखा विस्तारमा ध्यान दिनु पर्ने सुझाव दिनुभयो । आर्थिक प्रगतिका हिसाबले यो बैंक अलि सुस्त हो कि जस्तो लागेको बताउनु भयो । यो भन्दा पछाडी स्थापना भएका बैंकहरूले राम्रो प्रगति गरेका छन् । बैंकको संचालन खर्च पनि बढि भएको तर खर्चको अनुपातमा प्रतिफल खासै नदेखिएको बताउनुभयो । बैंकको खर्च र आम्दानीको सन्तुलन नमिलेको बताउनुभयो । खर्चको अनुपातमा आम्दानी बढि गर्नुपर्ने, सुशासनमा ध्यान दिनु पर्ने, राम्रो भन्दा अझ राम्रो कसरी गर्न सकिन्छ भन्ने उपायहरूको खोजी गर्नु पर्ने बताउनुभयो । जनताले चाहान गरेको अनुसारको बैंक बन्न अब हामीले ढिला गर्नु नहुने र प्राथामिकता प्राप्त क्षेत्रमा लगानी गर्दा राम्रो कमाई हुन्छ । माइक्रो फाइनान्सका प्रगति बारे बताई त्यस तर्फ पनि हिमालयन बैंक अगाडी बढ्दा राम्रो हुन्छ भन्ने सुझाव दिनुभयो ।

कर्जाको नोक्सानी व्यवस्थालाई १% भन्दा कममा झार्नु पर्ने र लाभांश कम्तिमा २५% दिई उक्त प्रतिफललाई बोनस तथा नगदमा ५०%–५०% गरि वितरण गर्नु पर्ने सुझाव दिनुभयो ।

८.२.८) मेजर श्री कुबेर श्रेष्ठ

हिमालयन बैंकले शेयरधनीलाई दिएको १६% लाभांश अरू बैंकको भन्दा निकै कम भएको र अर्को वर्ष बढाउने वाचा गरि यस बारेमा बेलैमा सोच्नु पर्ने बताउनुभयो । साधारण सभाको विवरण (Minute) शेयरधनीहरूलाई दिनु पर्ने पनि सुझाव दिनुभयो । समाजिक उत्तरदायित्व अर्न्तगत गरेका खर्चहरू प्रशंसनिय रहेका तर नेपालगंज जस्तो धनि उप-महानगरपालिकालाई दिनु भन्दा विकट

र ग्रामिण क्षेत्रमा केन्द्रित भई विद्यालय खोल्न सहयोग गर्नु पर्ने सुझाव दिनु भयो । बैंक संचालकहरूको लागि गरेको खर्च पनि धेरै भएको बताउनु भयो । खर्च अनुसारको प्रतिफल नभएकोले खर्च नियन्त्रणको विषयमा गंभिर बन्न आग्रह गर्नु भयो । जनताका माझ विश्वसनिय बैंक भन्ने छाप परेको यो बैंकलाई भोलिका दिनमा त्यो छाप कायम राख्ने चुनौती भएको बताउनु भयो । त्यस तर्फ सबैले सोच विचार गरेर काम गर्नु पर्ने कुरा औल्याउनु भयो । अर्को साल शेयरधनीहरूले अहिलेको भन्दा कम्तिमा पनि १०% बढी प्रतिफलको अपेक्षा गरेका छन् । त्यो अपेक्षा पूरा गर्ने गरि बैंकले काम गर्नु पर्ने बताउनु भयो ।

८.२.९) श्री रोज कुमार श्रेष्ठ

अहिलेको यो असाधारण अवस्थामा हिमालयन बैंकको निक्षेप बृद्धिदर र कर्जा प्रवाहमा राम्रो सन्तुलन मिलेको नदेखिएको बताउनु भयो । कर्जा प्रवाह भन्दा निक्षेप बृद्धिदर कम भएको बताउनु भयो । बैंक क्रेडिट क्रन्चको समस्याबाट जोगिनुपर्दछ भन्ने शेयरधनीको आग्रह रहेकोले बेलैमा सोच विचारका साथ काम गर्नु पर्ने सुझाव दिनु भयो । दुरदर्शी रणनीति बनाएर अगाडी बढ्नु पर्ने बताउनु भयो । बैंकले दिएको लाभांश प्रति खुशी लागेको बताउँदै धन्यवाद दिनुभयो । अन्त्यमा संचालन खर्च र आम्दानी तुलनात्मक रूपमा प्रस्तुत गर्नु पर्ने सुझाव दिनु भयो ।

८.२.१०) श्री महेन्द्र बहादुर श्रेष्ठ

साधारण सभा पौष मसान्त सम्म नपुऱ्याई अगाडि नै सम्पन्न गर्न सुझाव दिनुभयो । हिमालयन बैंकको बोनस शेयर र नगद लाभांश को सन्तुलित लाभांश नीति प्रशंसनीय रहेको बताउनु भयो । तर समकालीन बैंकको तुलनामा लाभांश कम भएको बताउनु भयो । कम्तीमा २५% प्रतिफल दिएर लगानीकर्ता र निक्षेप कर्तामा विश्वास कायम राख्नु पर्ने बताउनु भयो । बैंकको संस्थागत सुशासन राम्रो भएको तर कर्मचारीहरूले ग्राहकहरूसँग गर्ने व्यवहार राम्रो नभएकोले निकै गुनासाहरू सुनिएको जानकारी गराउनु भयो, जसमा सुधार आवश्यक देखिएको बताउनु भयो । नयाँ नयाँ योजना र स्किम ल्याउदा नयाँ ग्राहकहरूलाई मात्र नभई पुराना ग्राहकहरूलाई पनि सोहि स्किम र सहुलियत दिनु पर्ने बताउनु भयो । ग्राहकहरूको लागि पनि वीमा सुविधा अरू बैंकहरूले जस्तै दिनु पर्ने बताउनु भयो । एटिएम सबैलाई निशुल्क दिंदा राम्रो हुने बताउनु भयो । शाखा बिस्तार गर्ने कार्यमा बैंक निकै पछाडी परेकोले शाखा विस्तारमा ध्यान दिनु पर्ने बताउनु भयो । दुर्गम र पर्यटकिय क्षेत्रमा बैंकका शाखा विस्तार गरि पर्यटन र कृषि क्षेत्रमा लगानी विस्तार गर्नु पर्ने आवश्यकता औल्याउनु भयो । व्यवसायिक खेतीमा लगानी गरि आयात कम गर्न भुमिका खेल्न विशेष अनुरोध गर्नु भयो । स्थानिय तहको आय कर संकलन गर्ने, यातायात कार्यालयमा राजस्व संकलन गर्ने Counter खोल्दा Liquidity Crunch नहुने बताउनु भयो । बैंकले अबका दिनमा Digital Payment System मा अगाडी बढ्न पनि आवश्यक पहल र कदम चाल्नु पर्ने बताउनु भयो ।

८.२.११) श्री ब्रह्मदेव शाक्य

राष्ट्र बैंकले तोकेको ८ अर्ब चुक्ता पुँजी पुगि सकेकोले बैंकले अब वोनस शेयरको सट्टा नगद लाभांश मात्रै दिएको भए राम्रो हुने बताउनु भयो । सामाजिक उत्तरदायित्व अन्तर्गत गरेको खर्च प्रशंसनीय भएको तर Kathmandu Valley Preservation Trust ले गर्ने काम बारेमा प्रष्ट परिदिनु पर्ने बताउनु भयो । अबका दिनमा काठमाडौं उपत्यकाको वातावरण संरक्षणको क्षेत्रमा पनि खर्च गर्न सुझाव दिनु भयो । समग्रमा बैंकको प्रगति सन्तोषजनक रहेको र अबका दिनमा शाखा विस्तार तिर विशेष ध्यान दिनु आवश्यक देखिएको बताउनु भयो ।

८.२.१२) श्री कृष्ण प्रसाद अधिकारी

बैंकले साधारण सभा चाँडै गरे लाभांश पनि चाडै पाइन्थ्यो जसले गर्दा लगानीकर्ता खुशी हुने बताउनु भयो । अहिले दिइएको लाभांश सन्तोषजनक छ र वोनस शेयर अनि नगद लाभांश दुबै दिने निर्णयले गर्दा लगानीकार्ता खुशी भएको बताउनु भयो । सामाजिक उत्तरदायित्वमा कम खर्च गर्नु उचित होला र गर्नु पर्दा सम्पदा संरक्षणका लागि गर्दा राम्रो हुने सुझाव दिनु भयो ।

मेलम्चीको लागि दिइएको ग्यारेण्टी प्रकरणको प्रगतिको अवस्था बारेमा जानकारी दिन आग्रह गर्नु भयो । बैंकले गरेको प्रगति सन्तोषजनक भएकोले खुशी व्यक्त गर्नुभयो । नेपालगंज उपमहानगरपालिकालाई आर्थिक सहयोग गर्नु भन्दा ग्रामिण र दुर्गम क्षेत्रमा स्कुल स्थापना तथा चेपाङ्ग समुदायको उत्थानको लागि खर्च गर्दा उचित र राम्रो हुने बताउनु भयो । बैंकको शाखा कम भए पनि भएका शाखा राम्रोसंग संचालन भए राम्रो हुने बताउनु भयो । Balance Sheet नेपाली भाषामा पनि हुनु पर्ने बताउनु भयो । खर्चमा मितव्ययिता अपनाई मुनाफा बृद्धि गर्ने तर्फ लाग्नु पर्ने बताउनु भयो । बैकल्पिक संचालकलाई संचालक नभनी बैंक संचालक ७ जना भन्दा राम्रो हुने सुझाव दिनु भयो ।

## ९. सामूहिक रूपमा दिइएको प्रत्युत्तरको सारांश :

शेयरधनी महानुभावहरूबाट उठाईएका प्रश्न, जिज्ञासा तथा सुझावहरूका लागि सभापति महोदयले शेयरधनीहरूलाई धन्यवाद दिनुभयो र उहाँहरूद्वारा व्यक्त उपयुक्त र व्यवहारिक सुझावहरू कार्यान्वयन गर्दै जाने प्रतिवद्धता जनाउनु भयो । सभामा उहाँ र प्रमुख कार्यकारी अधिकृतले सामूहिक रूपमा दिनुभएको प्रत्युत्तरको सारांश निम्नानुसार छ ।

**अध्यक्षज्यूको प्रत्युत्तर:**

– IMF जस्तो संस्थाले नेपालका बैंकहरूको खराबकर्जा प्रति शंका गरेको छ भन्दा अचम्म लाग्यो । त्यसको लागि नेपाल राष्ट्र बैंकसंग मिलेर Joint Inspections गराउन पनि हामी तयार छौ । हाम्रो बैंकको संचालक समितिले कुनै पनि कर्जालाई Evergreening गर्ने नीति छैन र गरेको पनि छैन ।

- नाफा बढाउने इच्छा त हुन्छ तर चुक्ता पुँजी यसरी बढाउनु परेकोले Risk पनि धेरै भयो । सो Risk लाई ध्यानमा राखी नाफा बढाउने तर्फ विचार पुऱ्याएर काम गर्नु पर्ने हुन्छ ।
- शेयरधनीहरूलाई दिइएको लाभांश यथासक्य चाँडो वितरण गर्ने कोशिस गर्दछौ ।
- संचालकको खर्च सम्बन्धमा बढी भयो भनेर हरेक वर्ष एउटै प्रश्न उठ्ने गर्दछ जसमा मेरो जवाफ पनि एउटै हुन्छ । संचालक समितिले आफ्नो भत्ता बढाएको छैन तर हाम्रो बैंकमा पाकिस्तानको हबिब बैंकको पनि लगानी रहेकोले र उक्त बैंकको तर्फबाट एक जना संचालक अनिवार्य नियूक्त गर्नु पर्ने हुन्छ । तसर्थ संचालक समितिको हरेक बैठकमा उहाँको उपस्थिति हुन्छ त्यसैले उहाँको आउने जाने हवाई भाडा र बसोबासको लागि पनि केही खर्च आउने गर्दछ । अन्य बैंकको संचालकहरू कि त नेपालकै छन् या त भारतका छन् जसले गर्दा उहाँहरूको खर्च तुलनात्मकरूपमा कम भएको देखिन्छ । साथै हाम्रो खर्चहरू पनि निकै पारदर्शि छन् ।
- शाखा बिस्तारको सम्बन्धमा हामी पनि सकारात्मक नै छौ तर प्रादेशिक संरचनाले गर्दा एउटा प्रदेशको पैसा अर्को प्रदेशमा ल्याएर लगानी गर्नु उचित हुँदैन । जुन प्रदेशको पैसा हो त्यहि प्रदेशको विकासमा लगानी गर्न उपयुक्त हुन्छ भन्ने हाम्रो सोच हो । प्रदेशको मुख्यालय रहने ठाउँ निर्क्यौल भए पछि र यस सम्बन्धमा नेपाल राष्ट्र बैंकको नीति अनुसार आवश्यक व्यवस्था गर्ने छौ । बैंकको शाखा हामी अवश्य बढाउँछौ ।
- Kathmandu Valley Preservation Trust लाई दिइएको रकम महाभुकम्पबाट क्षति भएको पाटन दरबार क्षेत्रको पुनर्निर्माणमा खर्च गरिएको हो । स्कुल बनाउनु पर्छ तर बनाइएका स्कुल राम्रोसंग संचालन भएन भने, व्यक्तिगत प्रयोजनका लागि प्रयोग भयो भने त्यो राम्रो हुँदैन ।
- बैंकले सहायक कम्पनी (Merchant Banking) खोल्न Letter of Intent पाई सकेकोले SEBON संग आवश्यक प्रक्रिया पुरा हुने क्रममा छ । SEBON ले सहायक कम्पनी खोल्न आवश्यक अनुमति दिए पछि तुरून्त संचालनमा ल्याउने छौ ।
- Stock Broker License बजारमा हल्ला भए जस्तो कुनै बैंकले अनुमति प्राप्त गरेको छैन । सबै प्रक्रियामा नै छन् । हामी पनि License लिने प्रक्रियामा छौ ।
- अघिल्ला वर्षहरूका लाभांश बक्यौता रहुनुको कारण शेयरधनीहरूले बैंकलाई बुझाउनु पर्ने सम्पूर्ण आवश्यक विवरणहरू बैंकमा आइ नसकेकोले गर्दा पनि हो । यसमा कर्मचारीहरूको कुनै दोष छैन ।

**प्रमुख कार्यकारी अधिकृतज्यूको प्रत्युत्तर**:

- शाखा बिस्तारको क्रममा नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम गाउँपालिकामा शाखा खोल्न भनिएको १२ स्थान मध्ये १० स्थानमा शाखा बिस्तार गरिसकिएको छ । बाँकी २ स्थानमा पनि केही दिन भित्रै संचालन गर्ने छौ ।
- यस वर्ष कम्तीमा पनि ६ स्थानमा शाखा खोल्ने योजना रहेको छ र चालु आर्थिक वर्षको अन्त्य सम्ममा बैंकको शाखा संख्या कम्तीमा ६५ वटा बनाउने योजना छ ।

- कर्मचारीहरूलाई आवश्यक तालिमहरू प्रदान गरिराखिएको छ र उनिहरूको कार्यक्षमता, दक्षता र ग्राहकहरू प्रतिको व्यवहारहरू पनि अनुगमन गरिराखिएको छ ।
- नगद लाभांश केहि दिनमा नै सबै शेयरधनीहरूको खातामा जम्मा गरिसकिने छ र वोनस शेयर स्टक एक्स्चेन्जमा यथाशिघ्र सुचिकृत गर्ने छौ ।

शेयरधनीहरूबाट उठाइएका जिज्ञासा तथा प्रश्नहरूका सम्बन्धमा अध्यक्षज्यू र प्रमुख कार्यकारी अधिकृतज्यूबाट स्पष्ट पार्ने कार्य सकिएपछि अध्यक्षज्यूले साधारण सभाको विषयसूचीमा उल्लेख भए बमोजिम प्रस्तावहरू सभामा निर्णयार्थ पेश गर्नुभयो ।

## १०. **निर्णयहरू** :

क) सामान्य प्रस्ताव

१) छब्बीसौं वार्षिक साधारण सभाको लागि संचालक समितिको प्रतिवेदन, सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

२) लेखापरीक्षकको प्रतिवेदन सहित २०७५ साल असार मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०७४/७५ को नाफा-नोक्सान हिसाब तथा नगदप्रवाह विवरण सर्वसम्मतिले पारित गऱ्यो ।

३) संचालक समितिले सिफारिश गरेबमोजिम नाफाको बाँडफाँट तथा चुक्ता पुँजीको १०.७८९५ प्रतिशत नगद लाभांश बराबारको रू. ८७ करोड ५५ लाख १७ हजार १ सय ४७ दिने प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

४) सर्बसाधारण शेयरधनीहरूको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने संचालक पद १ (एक) को निर्वाचनको कार्यक्रम रहेकोमा का.जि. का.म.न.पा वडा नं ४ विशालनगर बस्ने श्री विजय बहादुर श्रेष्ठको मात्र मनोनयन दर्ता भएकोमा उहाँ निर्बिरोध निर्वाचित हुनुभएको तथ्य निर्वाचन अधिकृत श्री रमेश सापकोटाले जानकारी दिनुभयो तथा सभाबाट सो प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

५) अध्यक्षज्यूको अनुमतिमा लेखा परीक्षण समितिका संयोजक श्री प्रचण्ड बहादुर श्रेष्ठले कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७५/७६ का लागि लेखापरिक्षण कार्यका लागि बि. आर. एस. न्यौपाने एण्ड कम्पनी चार्टर्ड एकाउन्टेन्टस्लाई बैंकको लेखा परीक्षकमा पुनः नियुक्त गर्ने र बैंकको लेखा परीक्षण, कर लेखा परिक्षण, लङ्ग फर्म अडिट, कम्पनी ऐन अन्तर्गतका अन्य आवश्यक प्रतिवेदन प्रमाणित गर्ने कार्यका लागि तथा सो कार्यको सिलसिलामा भैपरि आउने यातायात लगायतका सम्पूर्ण खर्चहरू समेत गरि कुल रू. १८ लाख ७० हजारमात्र (VAT बाहेक) पारिश्रमिक तोक्ने प्रस्ताब सर्वसम्मतिले पारित भयो ।

ख) विशेष प्रस्ताव

१) संचालक समितिले सिफारिश गरेबमोजिम बैंकको जारी र चुक्ता पुँजी बृद्धि गर्न चुक्ता पुँजीको ५ प्रतिशतले हुने रू. ४० करोड ५७ लाख २६ हजार ४ सय ६९ बराबरको बोनस शेयर जारी गर्ने सम्बन्धी बिशेष प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत भयो ।

२) बैंकले आर्थिक बर्ष २०७४/७५ मा संस्थागत सामाजिक उत्तरदायित्व बहन गर्ने क्रममा आर्थिक सहायता प्रदान गर्दा कम्पनी ऐन २०६३ को दफा १०५ को उपदफा १ को खण्ड (ग) ले निर्धारण गरेको सिमा नाघेको हुँदा सो अन्तर्गत बैंकले विभिन्न संघ संस्थाहरूलाई प्रदान गरेको रकमहरू क्रमशः काठमाडौं भ्याली प्रिजर्भेसन ट्रष्टलाई रू १,००,००,०००/-, प्रधानमन्त्री सहायता कोषमा रू. ११,११,१११/-, एचबिएल दायित्व फेलोसिपलाई रू. १०,०८,०००/-, स्पाइनल इन्जुरी संघलाई रू. ७,५०,०००/-, सहयोगी हात संस्थालाई रू. ५,००,०००/-, श्री माईती नेपाललाई रू. १२,००,०००/-, श्री सिद्धि मेमोरियल फाउन्डेसनलाई रू. १,९९,७८४/-, श्री सामुदायिक स्वास्थय परिषदलाई रू. १,६६,७८८/-, त्रिदेवि मन्दिरलाई रू. १,३५,९५०/-, श्री बाराक गण सल्लेरीलाई रू. १,२९,०२४/-, महानगरिय प्रहरी बृत जनसेवालाई रू. १,३५,४५०/-, नेपालगंज उप-महानगरपालिकालाई रू. १,५०,०००/-, एसिया फर एनिमललाई रू. १,००,०००/-, दृष्टि विहिन श्री इच्छा के सीलाई रू. ५०,०००/-, सुनाकोठी समाजलाई रू. ५०,०००/-, नेपालमा भएका अनाथ असहाय बाल सुधार संघलाई रू. ७५,०००/-, गोदावरी आल्मुनाई एसोशियसनलाई रू. १,००,०००/- मात्र अनुमोदन गर्ने विशेष प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत भयो ।

३) बैंकको प्रवन्ध पत्र र नियमावलीमा संशोधन गर्ने विशेष प्रस्ताव (अनुसूची संलग्न) पारित गर्ने तथा प्रस्तावित संशोधनमा नेपाल राष्ट्र बैंक वा अन्य निकायले फेरबदल गरेमा आवश्यक समायोजन गर्न संचालक समितिलाई अधिकार दिने प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

ग) विविध विषयसूची अन्तर्गत कुनै विषयमा छलफल भएन ।

## ११. धन्यवाद ज्ञापन:

अध्यक्षज्यूले सभामा सहभागी सम्पूर्ण शेयरधनी महानुभावहरूलाई आफ्नो अमूल्य समय दिई सभा सफलतापूर्वक सम्पन्न गरिदिनुभएकोमा हार्दिक धन्यवाद दिनुहुँदै बैंकको प्रगति र उन्नतिका लागि रचनात्मक सुझाव र मन्तव्य दिनुहुने वक्ता शेयरधनी महानुभावहरूप्रति आभार व्यक्त गर्नुभयो ।

## १२. सभा विसर्जन:

अन्त्यमा छलफल गर्न बाँकी विषय नभएको हुँदा अध्यक्षज्यूले छब्बीसौं वार्षिक साधारणसभा विसर्जन भएको घोषणा गर्नुभयो ।

| | |
|---|---|
| (विपिन हाडा)<br>कम्पनी सचिव | (मनोजबहादुर श्रेष्ठ)<br>अध्यक्ष |

# (अनुसूची)
# हिमालयन बैंक लिमिटेडको
# छब्बीसौं वार्षिक साधारण सभामा विशेष प्रस्तावद्वारा
# प्रबन्धपत्र तथा नियमावलीमा भएको संशोधन

**प्रबन्धपत्र संशोधनको विशेष प्रस्ताव:**

| विद्यमान व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| **दफा ४(थ) बैंकको उदेश्य प्राप्त गर्न गरिने कामहरु:** ग्राहकका निम्ति कमिशन एजेण्ट भई शेयर, डिबेन्चर वा सुरक्षणको जिम्मा लिने, खरिद बिक्री गरिदिने, शेयरको लाभांश, डिबेन्चर वा सुरक्षणको ब्याज आदि उठाइ दिने र सोको लाभांश, मुनाफा वा ब्याज सम्बन्धित ग्राहकलाई पठाउने । ग्राहकका निम्ति शेयर लगानीका लागि आश्वा सेवा प्रदान गर्ने । उपरोक्त कार्य गर्न बैंकले आफ्नो पूर्ण स्वामित्वमा सहायक मर्चेन्ट बैकिङ्ग कम्पनी खोल्न सक्ने । साथै प्रचलित कानून र सम्बन्धित निकायको स्वीकृति लिई आफ्ना ग्राहकहरुको लागि मात्र बीमा अभिकर्ताको रुपमा कार्य गर्ने । | **दफा ४(थ) बैंकको उदेश्य प्राप्त गर्न गरिने कामहरु:** ग्राहकका निम्ति कमिशन एजेण्ट भई शेयर, डिबेन्चर वा सुरक्षणको जिम्मा लिने, खरिद बिक्री गरिदिने, शेयरको लाभांश, डिबेन्चर वा सुरक्षणको ब्याज आदि उठाइ दिने र सोको लाभांश, मुनाफा वा ब्याज सम्बन्धित ग्राहकलाई पठाउने । ग्राहकका निम्ति शेयर लगानीका लागि आश्वा सेवा प्रदान गर्ने । उपरोक्त कार्य गर्न बैंकले आफ्नो पूर्ण स्वामित्वमा सहायक मर्चेन्ट बैकिङ्ग कम्पनी खोल्न सक्ने । साथै प्रचलित कानून र सम्बन्धित निकायको स्वीकृति लिई आफ्ना ग्राहकहरुको लागि मात्र बीमा अभिकर्ताको रुपमा कार्य गर्ने । शेयर दलाल (Broker) को समेत कार्य गर्ने र उक्त कार्य गर्न सहायक कम्पनी खोल्न सक्ने । | व्यबसाय बिस्तारको लागि आफ्नै सहायक कम्पनी खोल्ने प्रयोजनका लागि |
| **दफा ५. बैंकको पूँजीको संरचना:** (ख) तत्काल जारी पुँजी रु ८,११,४५,२९,३७५/- (अक्षरेपी आठ अर्ब एघार करोड पैतालिस लाख उनन्तिस हजार तीन सय पचहत्तर रुपैयाँ) हुनेछ । (ग) तत्काल चुक्ता पुँजी रु ८,११,४५,२९,३७५/- (अक्षरेपी आठ अर्ब एघार करोड पैतालिस लाख उनन्तिस हजार तीन सय पचहत्तर रुपैयाँ) हुनेछ । | (ख) तत्काल जारी पुँजी रु ८,५२,०२,५५,८४४/- (अक्षरेपी आठ अर्ब बाउन्न करोड दुई लाख पचपन्न हजार आठ सय चवालिस रुपैयाँ) हुनेछ । (ग) तत्काल चुक्ता पुँजी रु ८,५२,०२,५५,८४४/- (अक्षरेपी आठ अर्ब बाउन्न करोड दुई लाख पचपन्न हजार आठ सय चवालिस रुपैयाँ) हुनेछ । | आ.ब. २०७४/७५ को नाफाबाट बोनस शेयर जारी गर्दा बैंकको बिद्यमान पुंजी संरचनामा हेरफेर हुने हुँदा । |

**नियमावली संशोधनको विशेष प्रस्ताव:**

| विद्यमान व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| **नियम ३.(ख) : बैंकको अधिकृत पुँजीको अंक र विभिन्न प्रकारको शेयर संख्या :** (ख) तत्काल जारी पुँजी रु ८,११,४५,२९,३७५/- (अक्षरेपी आठ अर्ब एघार करोड पैतालिस लाख उनन्तिस हजार तीन सय पचहत्तर रुपैयाँ) हुनेछ । (ग) तत्काल चुक्ता पुँजी रु ८,११,४५,२९,३७५।-(अक्षरेपी आठ अर्ब एघार करोड पैतालिस लाख उनन्तिस हजार तीन सय पचहत्तर रुपैयाँ) हुनेछ । | (ख) तत्काल जारी पुँजी रु ८,५२,०२,५५,८४४/- (अक्षरेपी आठ अर्ब बाउन्न करोड दुई लाख पचपन्न हजार आठ सय चौवालिस रुपैयाँ) हुनेछ । (ग) तत्काल चुक्ता पुँजी रु ८,५२,०२,५५,८४४/- (अक्षरेपी आठ अर्ब बाउन्न करोड दुई लाख पचपन्न हजार आठ सय चौवालिस रुपैयाँ) हुनेछ । | आ.ब २०७४/७५ को नाफा बाट बोनस शेयर जारी गर्दा बैंकको बिद्यमान पुंजी संरचनामा हेरफेर हुने हुँदा । |
| **नियम ६.२ साधारण सभाको कार्यबिधि** (२) संचालक समितिका अध्यक्ष अनुपस्थित भएमा उपाध्यक्ष र निज पनि अनुपस्थित भएमा उपस्थित शेयरधनीहरुले आफु मध्येबाट छानिएको शेयरधनीले सभाको अध्यक्षता गर्नेछन् । | (२) संचालक समितिका अध्यक्ष अनुपस्थित भएमा उपस्थित संचालकहरुले आफूमध्येबाट मनोनित संचालकले सभाको अध्यक्षता गर्नेछन् । | कम्पनी ऐन २०६३ को दफा ७४ बमोजिम मिलान गर्न । |
| **नियम १०. संचालक समितिको बैठक :** (४) संचालक समितिको बैठकको अध्यक्षता संचालक समितिका अध्यक्षले गर्नेछन् । अध्यक्षको अनुपस्थितमा उपाध्यक्षले गर्नेछन् र उपाध्यक्ष पनि उपस्थित हुन नसकेमा बैठकमा उपस्थित संचालकहरुले आफु मध्येबाट छानेको संचालकले अध्यक्षता गर्नेछन् । | (४) संचालक समितिको बैठकको अध्यक्षता संचालक समितिका अध्यक्षले गर्नेछन् । अध्यक्षको अनुपस्थितमा संचालकहरुले आफु मध्येबाट बहुमतले छानेको संचालकले बैठकको अध्यक्षता गर्नेछन् । | बैंक तथा बित्तिय संस्था सम्बन्धी ऐन,२०७३ को दफा २१ बमोजिम मिलान गर्न । |

# हिमालयन बैंक लिमिटेडको
# छब्बीसौं वार्षिक साधारण सभामा विशेष प्रस्तावद्वारा
# प्रबन्धपत्र तथा नियमावलीमा भएको संशोधन

**प्रबन्धपत्र संशोधनको विशेष प्रस्तावः**

| संशोधित |
|---|
| **दफा ४ (थ) बैंकको उद्देश्य प्राप्त गर्न गरिने कामहरुः**<br>ग्राहकका ग्राहकका निम्ति कमिशन एजेण्ट भई शेयर, डिबेन्चर वा सुरक्षणको जिम्मा लिने, खरिद बिक्री गरिदिने, शेयरको लाभांश, डिबेन्चर वा सुरक्षणको ब्याज आदि उठाइ दिने र सोको लाभांश, मुनाफा वा ब्याज सम्बन्धित ग्राहकलाई पठाउने । ग्राहकका निम्ति शेयर लगानीका लागि आश्वा सेवा प्रदान गर्ने । उपरोक्त कार्य गर्न बैंकले आफ्नो पूर्ण स्वामित्वमा सहायक मर्चेन्ट बैकिङ्ग कम्पनी खोल्न सक्ने । साथै प्रचलित कानून र सम्बन्धित निकायको स्वीकृति लिई आफ्ना ग्राहकहरुको लागि मात्र बीमा अभिकर्ताको रुपमा कार्य गर्ने । शेयर दलाल (Broker) को समेत कार्य गर्ने र उक्त कार्य गर्न सहायक कम्पनी खोल्न सक्ने । |
| **दफा ५. बैंकको पुँजीको संरचना :**<br>(ख) तत्काल जारी पुँजी रु ८,५२,०२,५५,८४४/- (अक्षरेपी आठ अर्ब बाउन्न करोड दुई लाख पचपन्न हजार आठ सय चवालिस रुपैयाँ) हुनेछ ।<br>(ग) तत्काल चुक्ता पुँजी रु ८,५२,०२,५५,८४४/- (अक्षरेपी आठ अर्ब बाउन्न करोड दुई लाख पचपन्न हजार आठ सय चवालिस रुपैयाँ) हुनेछ । |

**नियमावली संशोधनको विशेष प्रस्तावः**

| संशोधित |
|---|
| **नियम ३. बैंकको अधिकृत पुँजीको अंक र विभिन्न प्रकारको शेयर संख्या :**<br>(ख) तत्काल जारी पुँजी रु ८,५२,०२,५५,८४४/- (अक्षरेपी आठ अर्ब बाउन्न करोड दुई लाख पचपन्न हजार आठ सय चौवालिस रुपैयाँ) हुनेछ ।<br>(ग) तत्काल चुक्ता पुँजी रु ८,५२,०२,५५,८४४/- (अक्षरेपी आठ अर्ब बाउन्न करोड दुई लाख पचपन्न हजार आठ सय चौवालिस रुपैयाँ) हुनेछ । |
| **नियम ६. साधारण सभाको कार्यबिधि**<br>(२) संचालक समितिका अध्यक्ष अनुपस्थित भएमा उपस्थित संचालकहरुले आफूमध्येबाट मनोनित संचालकले सभाको अध्यक्षता गर्नेछन् ।<br>**नियम १०. संचालक समितिको बैठक :**<br>(४) संचालक समितिको बैठकको अध्यक्षता संचालक समितिका अध्यक्षले गर्नेछन् । अध्यक्षको अनुपस्थितमा संचालकहरुले आफु मध्येबाट बहुमतले छानेको संचालकले बैठकको अध्यक्षता गर्नेछन् । |

बैंकको २६ औं साधारण सभाबाट पारित प्रबन्धपत्र र नियमावलीमा भएको संशोधन नेपाल राष्ट्र बैंक समक्ष स्वीकृतको लागि पेश हुँदा नेपाल राष्ट्र बैंकको मिति २०७५/११/१२ को पत्र सं: बैं.वि.नि.वि./बिआर–२/हिमालयन/१५०/०७५/७६ को पत्र अनुसार उपरोक्त संशोधनहरू नेपाल राष्ट्र बैंकबाट संशोधन सहित अनुमोदन भएको छ ।

संशोधनको विवरण तल उल्लेख गरिएको छ ।


**प्रबन्धपत्र तर्फः**

| प्रबन्धपत्रको दफा | प्रस्तावित व्यवस्था | यस बैंकको निर्णय (नेपाल राष्ट्र बैंक) |
|---|---|---|
| दफा ४ (थ) | **बैंकको उदेश्य प्राप्त गर्न गरिने कामहरुः**<br>ग्राहकका निम्ति कमिशन एजेण्ट भई शेयर, डिबेन्चर वा सुरक्षणको जिम्मा लिने, खरिद बिक्री गरिदिने, शेयरको लाभांश, डिबेन्चर वा सुरक्षणको ब्याज आदि उठाइ दिने र सोको लाभांश, मुनाफा वा ब्याज सम्बन्धित ग्राहकलाई पठाउने । ग्राहकका निम्ति शेयर लगानीका लागि आश्वा सेवा प्रदान गर्ने । उपरोक्त कार्य गर्न बैंकले आफ्नो पूर्ण स्वामित्वमा सहायक मर्चेन्ट बैकिङ्ग कम्पनी खोल्न सक्ने । साथै प्रचलित कानून र सम्बन्धित निकायको स्वीकृति लिई आफ्ना ग्राहकहरुको लागि मात्र बीमा अभिकर्ताको रुपमा कार्य गर्ने । शेयर दलाल (Broker) को समेत कार्य गर्ने र उक्त कार्य गर्न सहायक कम्पनी खोल्न सक्ने । | ग्राहकका निम्ति शेयर लगानीका लागि आश्वा सेवा प्रदान गर्ने । प्रचलित धितोपत्र सम्बन्धी ऐन, नियम र कानुनी व्यवस्था तथा विद्यमान नीतिगत व्यवस्थाको अधिनमा रही छुट्टै सहायक कम्पनी मार्फत नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई बैंकले आफ्नो पूर्ण स्वामित्वमा मर्चेट बैकिङ्ग कम्पनी खोल्न सक्ने । प्रचलित कानुन र सम्बन्धित निकायको स्वीकृति लिई आफ्ना ग्राहकहरुको लागि मात्र बीमा अभिकर्ताको रुपमा कार्य गर्ने । प्रचलित धितोपत्र सम्बन्धी ऐन, नियम र कानुनी व्यवस्था तथा विद्यमान नीतिगत व्यवस्थाको अधिनमा रही छुट्टै सहायक कम्पनी मार्फत नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई धितोपत्र व्यवसायी सम्बन्धी कार्य गर्ने । |
| | **दफा ५. बैंकको पुँजीको संरचनाः** | |
| दफा ५ (ख) | (ख) तत्काल जारी पुँजी रु ८,५२,०२,५५,८४४/- (अक्षरेपी आठ अर्ब बाउन्न करोड दुई लाख पचपन्न हजार आठ सय चवालिस रुपैयाँ) हुनेछ । | संशोधन स्वीकृत गर्ने । |
| दफा ५ (ग) | (ग) तत्काल चुक्ता पुँजी रु ८,५२,०२,५५,८४४/- (अक्षरेपी आठ अर्ब बाउन्न करोड दुई लाख पचपन्न हजार आठ सय चवालिस रुपैयाँ) हुनेछ । | संशोधन स्वीकृत गर्ने । |

**नियमावली तर्फः**

| नियमावलीको नियम | प्रस्तावित व्यवस्था | यस बैंकको निर्णय (नेपाल राष्ट्र बैंक) |
|---|---|---|
| | **बैंकको अधिकृत पुँजीको अंक र विभिन्न प्रकारको शेयर संख्याः** | |
| दफा ३ (ख) | (ख) तत्काल जारी पुँजी रु ८,५२,०२,५५,८४४/- (अक्षरेपी आठ अर्ब बाउन्न करोड दुई लाख पचपन्न हजार आठ सय चौवालिस रुपैयाँ) हुनेछ । | संशोधन स्वीकृत गर्ने । |
| दफा ३ (ग) | (ग) तत्काल चुक्ता पुँजी रु ८,५२,०२,५५,८४४/- (अक्षरेपी आठ अर्ब बाउन्न करोड दुई लाख पचपन्न हजार आठ सय चौवालिस रुपैयाँ) हुनेछ । | संशोधन स्वीकृत गर्ने । |
| नियम ६.२ | **साधारण सभाको कार्यबिधि**<br>(२) संचालक समितिका अध्यक्ष अनुपस्थित भएमा उपस्थित संचालकहरुले आफूमध्येबाट मनोनित संचालकले सभाको अध्यक्षता गर्नेछन् । | संशोधन स्वीकृत गर्ने । |
| नियम १० | **संचालक समितिको बैठकः**<br>(४) संचालक समितिको बैठकको अध्यक्षता संचालक समितिका अध्यक्षले गर्नेछन् । अध्यक्षको अनुपस्थितमा संचालकहरुले आफु मध्येबाट बहुमतले छानेको संचालकले बैठकको अध्यक्षता गर्नेछन् । | संशोधन स्वीकृत गर्ने । |


# Senior Management Team



**Ashoke SJB Rana**
Chief Executive Officer



**Ejaz Qadeer Gill**
Senior General Manager



**Sushiel Joshi**
General Manager



**Anup Maskay**
Deputy General Manager



**Ujjal Raj Rajbhandary**
Deputy General Manager




**Rabindra Narayan Pradhan**
Assistant General Manager



**Maheshwor Prasad Joshi**
Assistant General Manager



**Bipin Hada**
Assistant General Manager



**Bijay Man Nakarmi**
Chief Manager




**Mrigendra Pradhan**
Chief Manager




**Naveen Poudyal**
Chief Manager



**Satish Raj Joshi**
Chief Manager



**Sunil P Gorkhali**
Chief Manager


www.himalayanbank.com